**बजेट, केन्द्रीय लेखा/भन्सार लेखापरीक्षण निर्देशनाल**
**लेखापरीक्षण डोरमुकाम, रसुवा**
**अ. छा. वे.**

पत्र संख्याः२०७७।७८
च.नं. १५

मितिः२०७८।०७।१२

विषयः **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

**श्री** प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नौकुण्ड गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय,
सरमथली,रसुवा।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक बर्ष २०७७।०७८ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८।०६।१८ मा छलफल पश्चात् तयार गरिएको पाना ३१ को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा वागमती **प्रदेश** आर्थिक कार्यविधि ऐन २०७४ को दफा ३८ वमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

......................
(प्रेम वहादुर मुङ्गमेन)
निर्देशक

**बोधार्थ तथा कार्यार्थः**
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
धुन्चे, रसुवा :- प्रतिवेदन संलग्न छ ।

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

**कार्यालय र स्थान:-** नौकुण्ड गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय,
सरमथली¸रसुवा।
**आर्थिक वर्ष:- 207७/7८**

| पदाधिकारी | | अवधि | | कुल वेरुजू | पेश्की बाँकी |
|---|---|---|---|---|---|
| | | देखी | सम्म | | |
| प्रमुख प्रशासकीय अधिकृत | श्री नवदिप राई | 207७/०4/०1 | २०७७/०८/१० | ३३७६९५६६।१९ | 13691659.00 |
| | श्री नेत्रराज गिरी | २०७७/१०/०७ | 207८/०3/31 | | |
| लेखा प्रमुख | श्री सुवोध प्रसाद सापकोटा | 207७/०4/०1 | 207८/०3/31 | | |

- **परिचय**: स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ६ वडा, २८ सभा सदस्य, १२६ वर्ग किलोमिटर क्षेत्रफल तथा ११८२४ जनसंख्या रहेको छ ।
- **संवैधानिक र कानूनी व्यवस्था:-** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ ।सोही अधिकार बमोजिम गाँउपालिकाले कार्य गर्दै आएको छ ।
- **आर्थिक कारोवारको स्थिती**:- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सरकारले पेश गरेको आर्थिक वर्ष 207७/7८ को एकीकृत आय-व्यय हिसावको संक्षिप्त अवस्था देहाय बमोजिम रहेको छः-

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | सि.नं. | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | |
| | नगद | | | क) संघीय वित्तीय सामानीकरण | 31142000 |
| | संचितकोष | 29705000 | | ख) प्रदेश वित्तीय समानीकरण | 7427205 |
| | धरौटि | 1315790 | | ग) राजश्व बाँडफाँट संघीय सरकार | 31401000 |
| | प्रकोप व्यवस्थापन कोष | 76481 | | घ) राजश्व बाँडफाँट प्रदेश सरकार | 4431000 |
| | महिला तथा वालवालिका तथा जेष्ट नागरिक कोष | १०००००० | | ङ) आन्तरिक श्रोत | 4663000 |
| | अपाङ्ग पुनर्स्थापना कोष | १०००००० | | **पूंजीगत खर्च** | |
| | दलित सहायता कोष | १०००००० | | क) संघीय वित्तीय सामानीकरण | 37137000 |
| | विविध कोष | २५११९९६८ | | ख) प्रदेश वित्तीय समानीकरण | 0 |
| २ | **संघीय वित्तीय हस्तान्तरण** | | | ग) राजश्व बाँडफाँड संघीय सरकार | 14824000 |
| | क) वित्तीय समानीकरण अनुदान | 86600000 | | घ) राजश्व बाँडफाँड प्रदेश सरकार | 1962000 |
| | ख) सशर्त अनुदान | 137384080 | २ | ङ) आन्तरिक श्रोत | 20001000 |
| ३ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | **सशर्त अनुदान खर्च** | |
| | क) वित्तीय समानीकरण अनुदान | 10000000 | | क) संघीय सर्शत अनुदान | 115603152.44 |

| | | | | | |
|---|---|---|---|---|---|
| | ख) सशर्त अनुदान | 32779000 | | ख) प्रदेश सर्शत अनुदान | 23366407 |
| ४ | **विषयगत निकासा रकम** | | | **निकासा फिर्ता** | 0 |
| | क) सामाजिक सुरक्षा | 38616091 | | **विषयगत निकायको खर्च** | |
| | ख) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | 10174862 | ३ | सामाजिक सुरक्षा | 38616091 |
| | ग) प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | 11134564 | | स्थानीय पूर्वाधार | 10174862 |
| | घ) एकीकृत स्वास्थ्य प”र्वाधार विकास कार्यक्रम | 791000 | | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | 791000 |
| | ङ) प्रधानमन्त्री रोजगार | 6300000 | ४ | प्रधानमन्त्री रोजगार | 5660063.3 |
| ५ | **आन्तरिक आय** | | | प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | 11134564 |
| | क) आन्तरिक राजस्व | 2521593.42 | ५ | **को.ले.नि.का । प्र ले.नि.का फिर्ता** | |
| | ख) राजस्व बाँडफाँड संघीय सरकार | 46436000 | | क) संघीय सशर्त अनुदान फिर्ता | 21780927.56 |
| | ग) राजस्व बाँडफाँड प्रदेश सरकार | 6437000 | | ख) प्रदेश सशर्त अनुदान | 9412593 |
| | घ) अन्य आय | 0 | | **प्रकोप व्यवस्थापन कोष खर्च** | ४८८८५९९ |
| ६ | **धरौटि प्राप्ती** | 2807150 | | **धरौटी फिर्ता** | 1856000 |
| ७ | **प्रकोप व्यवस्थापन कोष** | 3500000 | ६ | **बांकी मौज्दात** | |
| ८ | **विविध कोष आय** | 25000 | | स्रेस्ता अनुसार बैंक बांकी | 25519239.12 |
| | | | | धरौटी बांकी | 2266940 |
| | | | | प्रकोप व्यवस्थापन कोष | २५१९९६८ |
| | | | | महिला तथा वालवालिका तथा जेष्ट नागरिक कोष | १०००००० |
| | | | | अपाङ्ग पुनर्स्थापना कोष | १०००००० |
| | | | | दलित सहायता कोष | १०००००० |
| | | | | विविध कोष | २५४४९६८ |
| | **जम्मा** | **43,21,23,579.42** | | **जम्मा** | **43,21,23,579.42** |

र्यालयको नाम : नौकुण्ड गाँउपालिका आ.व.२०७७|७८

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्र्यौंको विवरण |
|---|---|---|---|
| | उल्लेखित कारोवारको समष्टिगत लेखापरीक्षण योजना, इकाईगत लेखापरीक्षण योजना, कार्यालयले पेश गरेको आर्थिक विवरण, व्यवस्थापन प्रतिनिधित्व पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरीएको छ ।नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित रही लेखापरीक्षण सम्पन्न गरीएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षण वाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसंग मिति २०७८।०६।१८ मा छलफल सम्पन्न भएको छ । | | |
| 1. | **वित्तीय विवरण** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखा परीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । स्वीकृत ढाँचामा प्रतिवेदन गर्ने तर्फ गाँउपालिकाको ध्यान जानुपर्ने देखिन्छ । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ । | | |
| 2. | **आन्तरिक नियन्त्रण प्रणाली**ः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>➢ स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन तथा अधावधिक गर्नुपर्ने सो गरेको पाईएन ।<br>➢ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>➢ स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>➢ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १२ ऐन, ३ नियमावली, २२ कार्यविधि १ निर्देशिका र अन्य ९ समेत ४७ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>➢ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>➢ सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। | | |

| | | | |
|---|---|---|---|
| | ➢ सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>➢ संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्ने सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>➢ मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>➢ निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>➢ निजामती सेवा ऐन, 2049 को दफा 7 ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.२०३२७५८७।६६ खर्च लेखेको पाईयो ।<br>➢ पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>➢ पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>➢ राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>➢ स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>➢ दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>➢ पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>➢ वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>➢ जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>➢ कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>➢ ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>➢ स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्र्यौको विवरण |
|---|---|---|---|
| | ➢ पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>➢ सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>➢ वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | |
| 3. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सृजना लामाले २०७७।३।१० गते रु.३२ करोड ३५ लाख ३१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिएतापनी कार्यक्रम र खर्च उल्लेख गरी अख्तियारी दिएको देखिएन । ऐनमा भएको व्यवस्थको कार्यान्वयन गर्नुपर्दछ । | | |
| 4. | **जिम्मेवारी फरक** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु३५१४७५५४।६३ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.२९७०५००० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.५४४२५५४।६३ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु......... | ५४४२५५४।६३ | |
| 5. | **बैक हिसाब मिलान** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ । | | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संचित कोष | २५५१९२३९।१२ | २६६४५२४४।८० | ११२६००५।६८ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौंको विवरण |
|---|---|---|---|
| 6. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। गाँउपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।तेस्रो चौमासिकमा कुल पुँजीगत खर्चको ८६।२५ प्रतिशत तथा आषाढ महिनामा मात्र ४९।७० प्रतिशत खर्च भएको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | | |

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| पूँजिगत वित्तिय हस्तानतरण समेत | १०१८२२ | ३१९१ | १३८५८ | ८४७७२ | ४१६८४ |
| प्रदेश पुर्वाधार | १११३५ | ० | ० | १११३५ | ८९४१ |
| स्थानीय पुर्वाधार | १०१७५ | ० | ० | १०१७५ | १०१७५ |
| एकीकृत स्वास्थ्य पुर्वाधार | ७९१ | ० | ० | ७९१ | ७९१ |
| **कूल खर्चः** | **१२३९३३** | **३१९१** | **१३८५८** | **१०६८७४** | **६१५९१** |
| **खर्च प्रतिशत** | **१००** | **२।३१** | **११।१८** | **८६।२५** | **४९।७०** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौंको विवरण |
|---|---|---|---|
| 7. | **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | | |

| मुख्य क्षेत्र | वार्षिक वजेट रु हजारमा | खर्च रकम रु हजारमा | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २६५९५ | १९४२६ | ७३।०४ |
| सामाजिक क्षेत्र | १७३७९९ | १४९७२९ | ८६।१५ |
| पूर्वाधार विकास क्षेत्र | ९६५५३ | ७४०२७ | ७६।६७ |
| वातावरण तथा विपद् व्यवस्थापन | ३३०० | ३२४७ | ९८।३९ |
| वित्तीय व्यवस्थापन र सुशासन | ६९१८ | ३३२० | ४७।९९ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ५६९३६ | ४२२१४ | ७४।१४ |
| **जम्मा** | **३६४१०१** | **२९१९९३** | **८०।१८** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौंको विवरण |
|---|---|---|---|
| 8. | **योजना र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ११ | १०५०००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | ९९ | २९९०५००० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | ३५ | २२२४०००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | ३ | ७१००००० |
| ५ | ५० लाख भन्दा माथीका | - | - |
| | **जम्मा** | **148** | **६०२९५०००** |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौको विवरण |
|---|---|---|---|
| 9. | **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन,२०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता,मितव्ययिता,कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस स्थानीय तहले २०७७।७८ को आर्थिक कारोबार मध्ये कोष तथा लेखा नियन्त्रक कार्यालयवाट केन्द्रिय वजेट शीर्षकको आन्तरिक लेखापरीक्षण गरेको उल्लेख गराएतापनी गाउपालिका तर्फको आन्तरिक लेखापरीक्षण गराएको छैन ।कार्यालयमा एक आलेप साहायक पाँचौ तहको कर्मचारीको पदपुर्ती भएतापनी आन्तरीक लेखापरीक्षण गरी प्रतिवेदन तयार गरेको देखिएन। तसर्थ कानुनमा तोकिए बमोजिम सवै आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | | |
| 10. | **आर्थिक सहायता** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा,पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले घर आगलागी गम्भिर रोग उपचार खर्च साहायता समेतका कार्यमा कुल १४ जना व्यक्तिलाई प्रकोप व्यवस्थापनकोष वाट रु१८५०००।०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | | |
| 11. | **न्यायीक समिति** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको २२ गरी कुल २४ विवाद दर्ता भएकोमा १९ वटा विवाद फर्छ्यौट भएको र ५ वाँकी रहेको विवरण प्राप्त भएको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | | |
| 12. | **खाना तथा विविध खर्च** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ रु १७४२७३०।०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | | |
| | **कर दस्तुर एवं आन्तरिक आय** | | |
| 13. | **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । गाँउपालिकाले ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति देखिनेगरी अनुमान र असुलीको विवरण तयार नगरेकोले अनुमान र असुली भिडान गर्न सकिएन ।साथै गाँउपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | | |
| 14. | **आन्तरिक आय** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ ।यो वर्ष गाँउपालिकाले आन्तरिक आयको श्रोतगत आँकलन गरेको देखिएन ।तथापी स्थानीय तहमा सिफारिस दस्तुर मालपोत दस्तुर वहाल कर जस्ता शिर्षकवाट यो वर्ष रु२५२१५९३।४२ आम्दानी गरेको देखिएता पनि सवै वडाहरुवाट संकलन भएको आयको अभिलेख तयार नगरेका कारण वास्तविक आय तथा दाखिला गर्न वाँकी आयका सम्वन्धमा एकिन गर्न सकीएन । | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौंको विवरण |
|---|---|---|---|
| 15. | **रसिद नियन्त्रण खाता-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, 2076 को दफा 51 मा ऐन वमोजिम राख्नुपर्ने प्रत्येक कारोवारको लेखा राख्नुपर्ने उल्लेख छ । सो अनुसार नगद आम्दानी गर्ने कार्यालयले राजश्व असुल गर्न प्रयोग हुने मालपोत रसिद एवं नगदी रसिदको छपाई गरी रसिद नियन्त्रण खाता प्रविष्टि गरी सो बाट वुझेर लगेको अभिलेख राखी रसिद नियन्त्रणलाई व्यवस्थित गर्नु पर्दछ। गाँउपालिकाले सो अनुसार व्यवस्थित तरिकाले रसिद नियन्त्रण खाता राखेको पाइएन । जसवाट २०७७ आषाढमा वाँकी भएका वास्तविक रसिद तथा 207७।7८ मा छपाई गरिएका रसिद सो अनुसार जम्मा रसिद ठेलि मध्ये वडामा उपलव्ध गराईएका रसिद र जिन्सिमा वाँकी रहेका वास्तविक रसिदको एकिन गर्न सक्ने आधार भएन । नगदी रसिद खाता प्रमाणित गरी नराखेको तथा विभिन्न वडालाई रसिद वुझाएको रसिद मध्ये यस वर्ष प्रयोग भै वाँकी रहेको रसिदको विवरण तयार नगरेकोले रसिदवाट प्राप्त सवै आम्दानी दाखिला भए नभएको एकिन हुन सकीएन ।राजश्व असुलीमा प्रयोग हुने नगदी रसिदको नियन्त्रण खाता राखी प्रमाणित गर्ने व्यवस्था कार्यान्वयन गर्नु पर्दछ। | | |
| 16. | **राजश्व लेखाः** राजश्व असुल गर्दा रसिद अनुसार असुली देखिने दैनिक आम्दानी किताव मलेपफा न १०२, राजश्वको गोश्वरा भौचर मलेपफा न १०३, राजश्व आम्दानीको शिर्षकगत खाता मलेपफा न १०४, राजश्व आम्दानीको दैनिक गोश्वरा खाता मलेपफा न १०५, राजश्व आम्दानीको वैङ्क नगदी किताव मलेपफा न १०८, राजश्व आम्दानीको आर्थिक विवरण मलेपफा न ११० जस्ता खाता राखी वैंक दाखिला पश्चात गोश्वारा भौचर उठाई राजश्व असुल गर्नुपर्नेमा रसिद वाट सिधै वैङ्क दाखिला रकम गरी वैंक स्टेटमेन्ट अनुसार आम्दानी जनाउने गरेको छ। जसवाट दाखिला राजश्व खातामा भिडान गर्न सकिएन । राजश्व आम्दानीका सवै विवरण तयार गरी आम्दानी भिडान गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ । | | |
| 17. | **एम्वुलेन्स संचालनः** गाँउपालिकाले एम्बुलेन्स संचालन गर्दा सोबाट प्राप्त आम्दानी र खर्च देखिने अभिलेख तयार गर्नु पर्दछ। गाँउपालिकाले यो वर्ष 2077 चैत्र महिनामा एम्बुलेन्स खरिद गरि संचालन गरेकोमा यो वर्ष एम्बुलेन्स वाट प्राप्त आम्दानी भनि रु 25,000 राजश्व आम्दानी वाधेको देखिन्छ । गाँउपालिकाले एम्बुलेन्स संचालन वाट प्राप्त भएको आम्दानी तथा सोमा भएको खर्च को अभिलेख तयार नगरेकोले एम्बुलेन्स मा भएको खर्च तथा आम्दानी सम्बन्धमा एकीन गर्न सकिएन । एम्बुलेन्स तर्फको खर्च र आम्दानीको व्यवस्थित अभिलेख राख्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ । | | |
| 18. | **उपभोक्ता समिति दर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन। पालिकाले यो बर्ष विभिन्न १२७ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु ६०२९५००० भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन। त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्र्यौको विवरण |
|---|---|---|---|
| 19. | **उपभोक्ताको काम** :सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ ।<br>गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन ।सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन । सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।गाँउपालिकाले हेभि इक्वीपमेन्टको प्रयोग गरेर निर्माण गरेका कार्यहरु देहाय वमोजिम रहेका छन । | | |

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| घाङमार ढोकाचेत सडक | सडक निर्माण | ९१३७१०।०० | एक्साभेटर | ९१३७१०।०० |
| आरुखर्क लाङवु कृषि सडक | सडक निर्माण | ६९४९०७।०० | एक्साभेटर | ६९४९०७।०० |
| खाल्चेत दुप्चेश्वरी मावी हुँदै घट्टेखोला सडक | सडक निर्माण | ९३७८८६।०० | एक्साभेटर | ९३७८८६।०० |
| यायुङ्ग कस्नाङ्ग कृषि सडक | सडक निर्माण | १४०५१८९।०० | एक्साभेटर | १४०५१८९।०० |

| | | | |
|---|---|---|---|
| 20. | **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो ।यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र गरी प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्र्यौंको विवरण |
|---|---|---|---|

| गो भौ न मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १७ २०७८।३।२४ स्थानीय पुर्वाधार | नेमाङ खानेपानी उपभोक्ता समिति | खानेपानी टंकी निर्माण | ४४६५०००।०० |
| ५ २०७८।३।२० स्थानीय पुर्वाधार | निम छोलिङ गुम्वा निर्माण उपभोक्ता समिति | गुम्वा निर्माण | ९४१०७७।०० |
| ५ २०७८।२।२४ प्रदेश पुर्वाधार | लाङवु भुमिथान महिला समुह | भवन निर्माण | १०४२२२४।०० |
| १३ २०७८।३।२४ | थामचेत खानेपानी निर्माण उपभोक्ता समिति | खानेपानी टंकी निर्माण | ४७२९२५२।०० |
| २०६ २०७८।३।२३ | वडा नं १ कार्यालय भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | ३६३८५७५।०० |
| २०९ २०७८।३।२३ | वडा नं ३ कार्यालय भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | १५२४८७८।०० |
| २६७s २०७८।३।२३ | वडा नं ६ कार्यालय भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | ३५९६८७३।०० |

21. **सम्झौता अनुसार कार्य नभएको** - उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झोता गर्दा एक आर्थिक वर्ष भित्र समपन्न हुने गरी गर्नुपर्दछ । तर पालिका र उपभोक्ता समिति बीच भएको सम्झौता भन्दा देहायका योजनामा न्युन कार्य गर्दा कार्य सम्पन्न गरेको पाईयो । सालबसालि रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित भएको हुनुका साथै २०७८।७९ मा समेत धैरैजसो योजनामा बजेट विनियोजन भएको पाईएन । तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने देखिन्छ ।यसका केही उदाहरणहरु देहाय वमोजिम रहेका छन

| सि न | योजनाको नाम | सम्झौता रकम | कार्य सम्पन्न | न्युन भएको काम |
|---|---|---|---|---|
| १ | आरु खर्क लाङ्वु कृषि सडक | १०४५७६६ | ७६४९१२ | २८०८५४ |
| २ | पेमा छोलिङ गुम्वा | १०४९८८७ | ७५६४७१ | २९३४१५ |
| ३ | लाच्याङ सरमथली सडक | ५२२९९९१ | ४७४२८९० | ४८७१०० |
| ४ | भञ्ज्याङ डाँडाँ वोन्दो सडक | १०४८०६९ | ८९४५८३ | १५३४८६ |
| ५ | नगरचेत हुदै आदिम्राङ सडक | ६३०२४२ | ५२७८५५ | १०२३८५ |
| ६ | वडा न ३ वडा कार्यालय निर्माण | २१९५९६३ | १७६२०४१ | ४३३९२२ |
| ७ | चोनाम मन्चवाल कृषि सडक | ४७१९३४ | १४४६८१ | ३२७२५३ |

22. **डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्रस | कार्यक्रमको नाम | परामर्शदाताको नाम | स्विकृत रकम | खर्च रकम | अध्ययन निर्धारण भएका योजनाको लागत |
|---|---|---|---|---|---|
| १ | गोसाइकुण्ड पदमार्ग डिपिआर | लाङटाङ इन्जिनियरिङ कन्सल्टेन्ट | ५००००० | ४५४७२० | १३१६३४९६३ |
| २ | ५ सैया अस्पताल डिपिआर | म्याप नेपाल इन्जिनियरिङ कन्सल्टेन्ट | ७४४००० | ७९१००० | ७७४८६८४५ |
| ३ | जुरे ढुङ्गा विजुली ढुङ्गा पर्यटकीय स्थल डिपिआर | रोयल कन्सल्टेन्ट्स प्रालि | ४००००० | ३९७४०० | १३६८६७४२५ |
| ४ | लारच्याङटार शान्ति स्तुपा सेदाप गुम्बा डिपिआर | नेत्रेश्वरी ईन्जिनियरिङ कन्सल्टेन्सी प्रालि | ४००००० | ३९७७६० | २७०७०२४७ |
| ५ | सेमजोङ छ्योर्तन डिपिआर | प्रविधि इन्जिनियरिङ सोलुसन प्रा लि | २००००० | १९८८८० | ६०३३६५८।०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्र्यौको विवरण |
|---|---|---|---|
| | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | | |
| 23. | **सवारी साधन खरिद** - अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.६८८५०० खर्च गरेको देखियो। साथै एक एम्वुलेन्स समेत खरिद गरी थप रु१० लाख समेत खर्च गरेको देखिन्छ। निर्देशिकामा भएको व्यवस्था वमोजिम सवारी खरिद गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ । | | |
| 24. | **कन्टिजेन्सी खर्च** गाउँपालिकाले कन्टीजेन्सी रकम खर्च गर्दा कार्यविधि तयार गरेर मात्र खर्च गर्नु पर्दछ । गाउँपालिकाले यो वर्ष कुल रु ३९६८९३१।०० कन्टिजेन्सी खर्च गरेकोमा रु ७४५७२९।०० मात्र पूँजीगत कार्यक्रममा खर्च गरेको देखियो। उक्त खर्चगर्दा कन्टीजेन्सी खर्च सम्वन्धि कार्यविधि तयार गरेको देखिएन । कार्यविधि तयार गरी कार्यविधि बमोजिम कन्टीजेन्सी खर्च गर्नेतर्फ पालिकको ध्यान जानु पर्ने देखिन्छ । | | |
| | **शिक्षा तर्फ** | | |
| 25. | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | | |
| | <table><tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr><tr><td>१</td><td>२९</td><td>१३३</td><td>१२७</td><td>२७</td><td>३३२९</td></tr></table> | | |
| 26. | **विद्यालयगत निकासा रजिस्टर-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ। गाँउपालिकाले कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरी यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर खाता अद्यावधिक राख्नु पर्दछ । | | |
| 27. | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वितीय समानीकरण अनुदानबाट रु.७१०८२१७।९८ तलब भत्ता भुक्तानी गरेको पाईयो । | | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th><th>फछ्र्यौटको विवरण</th></tr>
<tr><td>28.</td><td>निशुल्क पाठ्यपुस्तक वितरणः कार्यक्रम कार्यान्वयन पूस्तिका 2077/78 वमोजिम सार्वजनिक विद्यालयका लागि निशुल्क पाठ्यपुस्तक वितरण गर्दा विद्यार्थी संख्याको आधारमा 75 प्रतिशत अनुदान उपलब्ध गराउनुपर्ने र अन्तीम चौमासिकमा वास्तविक विद्यार्थी संख्या र विद्यालयको मागको आधारमा आवश्यक भएमा मात्र थप 25 प्रतिशत पाठ्यपुस्तकको रकम उपलब्ध गराउनुपर्ने उल्लेख छ। तथापी गाँउपालिकाले मिति 2078/2/31 को निर्णय वमोजिम कुल 29 वटा विद्यालयलाई विद्यार्थी संख्याका आधारमा 100 प्रतिशत पाठ्यपुस्तकको रकम रु 16,14,608/64 निकासा गरेको देखियो । यसरी कार्यक्रम कार्यान्वयन पूस्तीका विपरित 100 प्रतिशत अनुदान उपलब्ध गराएको नियम सम्मत देखिएन । 25 प्रतिशत अनुदानको रकम सम्बन्धमा गाँउपालिका वाट एकीन गरी नियमित गर्नुपर्ने देखिएको रु</td><td>4,03,652/16</td><td></td></tr>
<tr><td>29.</td><td>वढी तलब निकासाः गाँउपालिकाले यो वर्ष निरखुभूमे माध्यमिक विद्यालयका निम्न माध्यमिक तृतीय शिक्षक श्री नारायण दास मिति 2077/9/30 देखि लागु हुने गरी जिल्ला बाहिर सरुवा भै गएको देखिन्छ। निज शिक्षकको स्थानमा मिति 2077/10/16 गते देखि मात्र करारमा शिक्षक पदपूर्ती भएको देखिएकोले दोस्रो चौमासिकमा श्री नारायण दासको नाममा वढी निकासा रु 21,540 विद्यालयबाट असुल गरी संघिय संचित कोष दाखिला गर्नुपर्ने देखिएको रु</td><td>21,540।००</td><td></td></tr>
<tr><td>30.</td><td>छात्रवृत्ति वढी भुक्तानीः गाँउपालिकाले छात्रवृत्ति भुक्तानी गर्दा छात्रा संख्याको आधारमा प्रति विद्यार्थी रु 400 का दरले भुक्तानी गर्नुपर्ने उल्लेख छ। यो वर्ष गाँउपालिकाले नारायण मा.वि. लाङवुमा कुल छात्रा संख्या 140 रहेकोमा 158 जनाको लागि रु 63,400 निकासा गरेको देखिन्छ। विद्यार्थी संख्या भन्दा वढी निकासा गरेको 18 जनाको छात्रवृत्ति रकम असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु</td><td>7,200।००</td><td></td></tr>
<tr><td>31.</td><td>अनुदानको अनुगमनः गाँउपालिकाले निकासा गरेको विभिन्न प्रकारको शैक्षिक अनुदान सम्बन्धित विद्यालयले सम्बन्धित कार्यक्रममा खर्च गरे नगरेको सम्वन्धमा गाँउपालिकाले अनुगमन गर्नुपर्ने तथा कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ वमोजिम अनुदान रकमवाट भएको प्रगति विवरण तयार गरि मानव विकास श्रोत केन्द्रमा समेत पठाउनु पर्ने व्यवस्था छ। गाँउपालिकाले यो वर्ष शिक्षा चालुतर्फ देहाय वमोजिमको अनुदान देहाय बमोजिमको विद्यालयलाई आर्थिक वर्षको अन्त्यमा उपलब्ध गराएकोमा सो अनुदानको उपयोगका सम्वन्धमा अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्नेमा प्रतिवेदन तयार गरेको देखिएन।उल्लेखित अनुदानको प्रभावकारी उपयोगका सम्वन्धमा गाँउपालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>गो.भौ.नं.</th><th>विवरण</th><th>विद्यालय</th><th>रकम</th></tr>
<tr><td>1</td><td>107,2078/3/15</td><td>उत्कृष्ट सिकाई उपलब्धी भएका विद्यालयलाई सिकाई सुद्धिकरण अनुदान तथा कार्य सम्पादनमा आधारित अनुदान</td><td>निरखुभुमे मा.वि.</td><td>2,00,000</td></tr>
<tr><td>2</td><td>111,2078/3/17</td><td>OJT अनुदान</td><td>गोसाइकुण्ड मा.वि.</td><td>5,40,000</td></tr>
<tr><td>3</td><td>122,2078/3/21</td><td>ICT ल्याब स्थापना</td><td>गौतमवुद्ध मा.वि.</td><td>6,35,150</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>13,75,150</td></tr>
</table>
</td><td></td><td></td></tr>
<tr><td></td><td>स्वास्थ तर्फ</td><td></td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौंको विवरण |
|---|---|---|---|
| 32. | **फरक खर्च शिर्षकः** गाँउपालिकाले बजेट खर्च गर्दा सम्बन्धीत खर्च शिर्षकबाट मात्र गर्नेपर्दछ। महालेखा नियन्त्रक कार्यालयले जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या 2074 वमोजिम खर्च शिर्षक 21111(तलव) वाट तलब वाहेक अन्य कुनै पनि खर्च गर्न मिल्दैन । तथापी गाँउपालिकाले यो वर्ष स्वास्थ्य तर्फको तलब शिर्षकबाट देहाय वमोजिमको खर्च समेत भुक्तानी गरेको देखिएकाले उक्त खर्च नियम सम्मत नदेखिएको रु | ९४०३२५।०० | |

| सि.नं. | गो भौ. नं. | विवरण | खर्च लेख्नुपर्ने शिर्षक | रकम |
|---|---|---|---|---|
| 1 | 100,2078/3/13 | स्वास्थ्य कर्मचारीलाई भत्ता वितरण | 21139 | 7,22,800 |
| 2 | 90 , 2078/3/3 | कालिका वुक्स स्टेसनरीलाई कार्यालय सामान खरिद भुक्तानी | 22311 | 2,17,525 |
| **जम्मा** | | | | **9,40,325** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौंको विवरण |
|---|---|---|---|
| 33. | वहुक्षेत्रीय पोषण कार्यक्रमः यो वर्ष गाँउपालिकाले वहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत को 1000 दिन सम्मका शिसुहरुका लागि सर्वोत्तम पिठो वितरण तथा विभिन्न तरकारीको विउ खरिद गरि देहाय वमोजिमका आपूर्तकलाई रु 418281 बजेट खर्च लेखेको देखिन्छ । खरिद गरिएको सर्वोत्तम पिठो 810 प्याकेट मध्ये 464 प्याकेट वितरण गरेको साथै तरकारी विउ (3 प्रकारका) 800 प्याकेट मध्ये 464 प्याकेट मात्र वितरण गरेको भरपाई पेश भएकाले वितरण नभएको सर्वोत्तम पिठो 346 प्याकेट तथा तरकारी विउ 346 प्याकेट को कुल रु 1,69,886 को वितरण भरपाई पेश गर्नुपर्ने देखिएको रु | 1,69,886।०० | |

| सि.नं. | आपूर्तक | संख्या | दर | जम्मा रकम |
|---|---|---|---|---|
| 1 | साक्षात सप्लायर्स (सर्वोत्तम पिठो) | 810 | 221 | 2,02,281/30 |
| 2 | जातपाडेवी एग्रो सेन्टर (तरकारी विउ) | 800 | 270 | 2,16,000/00 |
| जम्मा | | | | 4,18,281।०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौंको विवरण |
|---|---|---|---|
| | गापा कृषि चालु | | |
| 34. | **मकैको विउ वितरणः** गाँउपालिकाले यो वर्ष 50 प्रतिशत अनुदानमा मकैको विउ वितरण गर्न जालपादेवी एग्रो सेन्टर वाट 2000 केजी मकैको विउ प्रतिकेजी रु 100 का दरले खरिद गरि गाँउपालिका तर्फको रु 1,00,000 भुक्तानी गरेको देखिन्छ । उल्लेखित मकैको वितरण गर्दा गाउँपालिकाले वितरणको मापदण्ड तयार गरी वितरण गर्नुपर्नेमा मापदण्ड तयार नगरी न्यूनतम 1 केजी देखि 50 केजी सम्म प्रति व्यक्ति वितरण गरेको भरपाई पेश गरेको देखिन्छ। पेश भएको भरपाई परीक्षण गर्दा शिव प्र. पुडासैनी नौकुण्ड 5 लाई 4 केजी वितरण गरेको पछी 0 थप गरी 40 केजी वितरण गरेको भरपाई तयार गरेको देखिन्छ । अन्य भरपाईमा समेत फरक 0 थप गरि परिमाण पुऱ्याएको देखिएकाले यस सम्बन्धमा गाँउपालिकाबाट छानविन गरी वितरण भए नभएको सुनिश्चित गर्नुपर्ने देखिएको रु | 1,00,000।०० | |
| 35. | उक्त मकैको विउ वितरण गरेको भरपाई मध्ये देहाय वमोजिमका व्यक्तिले उल्लेखित विउ वुझेको नदेखिएकोले 220 केजीको रु 100 का दरले हुने रु 22,000 वितरण गर्ने सम्बन्धित कर्मचारीबाट असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु | 22,000।०० | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th><th>फछ्र्यौंको विवरण</th></tr>
<tr><td></td><td>

| सि.नं. | वुझाएको व्यक्तिको नाम | परिमाण |
|---|---|---|
| 1 | घोप्टे ग्याल्जन -नौकुण्ड -5 | 40 के जी |
| 2 | नमराज न्यौपाने -नौकुण्ड -5 | 20 के जी |
| 3 | अर्जुन न्यौपाने -नौकुण्ड -5 | 20 के जी |
| 4 | गोलमाया लो -नौकुण्ड -5 | 20 के जी |
| 5 | तेम्वा शेर्पा -नौकुण्ड -3 | 40 के जी |
| 6 | सुन्दरादेवी कृषि सहकारी -नौकुण्ड-3 | 30 के जी |
| 7 | कुर्पु राना तामाङ्ग -नौकुण्ड-3 | 40 के जी |
| जम्मा | | २२० केजी |

</td><td></td><td></td></tr>
<tr><td>36.</td><td>सुधारिएको चुलोः 114, 2078/3/31 : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 वमोजिम बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ। गाँउपालिकाले यो वर्ष स्मार्ट सोलार प्रा.ली.को विल न. 1157 वाट रकेट ग्यासिफाहर चुलो थान 66 खरिद गरि रु 3,99,003 भुक्तानी गरेकोमा उक्त चुलो वितरण गर्ने मापदण्ड तथा वितरण भरपाई पेश नभएकाले वितरणको मापदण्ड सहितको वितरण भरपाई पेश गर्नुपर्ने देखिएको रु</td><td>३९९००३।००</td><td></td></tr>
<tr><td></td><td>गाँउपालिका शिक्षा चालु</td><td></td><td></td></tr>
<tr><td>37.</td><td>शैक्षिक अनुदानः गाँउपालिकाले अनुदान प्रदान गर्दा निर्देशिका तयार गरि तोकिएको क्षेत्रमा मात्र अनुदान प्रदान गर्नुपर्दछ। यो वर्ष गाँउपालिकाले कालिका हिमालय क्याम्पस लाई शैक्षिक अनुदान भनि रु 2,00,000 सोझै निकासा गरेको देखियो। क्याम्पसले पेश गरेको प्रस्तावना अनुसार जेहेन्दार विद्यार्थी छात्रवृत्ति भनि रु 1,00,000 तथा पुस्तकालय व्यवस्थापन तर्फ रु 1,00,000 भुक्तानी भएकोमा सोको अनुगमन गरी कार्य प्रगती सहितको प्रतिवेदन पेश गर्नुपर्ने मा सो कार्यक्रमको अनुगमन गरेको देखिएन। अनुगमन गरी प्रस्तावना अनुसार कार्य सम्पन्न भए नभएको एकीन गर्नुपर्ने साथै गाँउपालिका वाहिरको संस्थालाई अनुदान भुक्तानी गरेको समेत देखिएकाले सोको आधार समेत स्पष्ट पार्नुपर्ने देखिएको रु</td><td>2,00,000।००</td><td></td></tr>
<tr><td>38.</td><td>सक्कल विलः वजेट खर्च गर्दा सक्कल विल भरपाईका आधारमा मात्र गर्नुपर्दछ । गाँउपालिकाले यो वर्ष अतिरिक्त क्रियाकलाप संचालन गर्न भनि जिवन वुक्स एण्ड स्टेशनरी को फोटोकपी विलका आधारमा विभिन्न स्टेशनरी सामान खरिद गरी 3 विलको रु 57,625 भुक्तानी गरेको देखिएकाले सक्कल विल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु</td><td>57,625।००</td><td></td></tr>
<tr><td>39.</td><td>जिन्सी दाखिलाः गाँउपालिकाले खरिद गरेको जिन्सी सामान लाई जिन्सी आम्दानी वाँध्ने पश्चात मात्र भुक्तानी गर्नुपर्दछ । यो वर्ष विद्यार्थी टिकाउ प्रोत्साहन शिर्षकबाट 1 थान डिजिटल क्यामरा खरिद गरि आपूर्तक मायादेवी ट्रेड कन्सर्न को विल न 20 वमोजिम रु 37,805 भुक्तानी गरेकोमा सो डिजिटल क्यामरा जिन्सी आम्दानी वाँधेको नदेखिएकाले जिन्सी दाखिला गर्नुपर्ने देखिएको रु</td><td>37,805।००</td><td></td></tr>
<tr><td>40.</td><td>अनुदानको अनुगमनः गाँउपालिकाले निकासा गरेको विभिन्न प्रकारको शैक्षिक अनुदान सम्बन्धित विद्यालयले सम्बन्धित कार्यक्रममा खर्च गरे नगरेको सम्वन्धमा गाँउपालिकाले अनुगमन गर्नुपर्दछ । गाँउपालिकाले यो वर्ष शिक्षा चालुतर्फ देहाय वमोजिमको अनुदान देहाय बमोजिमको विद्यालयलाई आर्थिक वर्षको अन्त्यमा उपलब्ध गराएकोमा सो अनुदानको उपयोगका सम्वन्धमा अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्नेमा प्रतिवेदन तयार गरेको देखिएन।उल्लेखित अनुदानको प्रभावकारी उपयोगका सम्वन्धमा गाँउपालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।</td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th><th>फछ्र्यौको विवरण</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि. न.</th><th>गो भौ न.</th><th>विवरण</th><th>विद्यालय</th><th>रकम</th></tr>
<tr><td>1</td><td>29,2078/3/18</td><td>एकमुस्ठ अनुदान</td><td>गोसाइकुण्ड मा.वि.</td><td>1,00,000</td></tr>
<tr><td>2</td><td>29,2078/3/18</td><td>कार्यालय व्यवस्थापन अनुदान</td><td>गोसाइकुण्ड मा.वि.</td><td>1,50,000</td></tr>
<tr><td>3</td><td>29,2078/3/18</td><td>शिक्षण सिकाई गुणस्तर अनुदान</td><td>गोसाइकुण्ड मा.वि.</td><td>1,50,000</td></tr>
<tr><td>4</td><td>29,2078/3/18</td><td>कोचीङ कक्षा व्यवस्थापन अनुदान</td><td>विभिन्न 8 विद्यालय</td><td>6,13,750</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>10,13,750</td></tr>
</table>
</td><td></td><td></td></tr>
<tr><td>41.</td><td>विल भरपाइ वेगरको खर्चः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०६४ वमोजिम बजेट खर्च गर्दा विलभरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ। गाँउपालिकाले यो वर्ष गाउपालिका शिक्षा तर्फ देहायका गोश्वरा भौचर र मिति वाट देहाय वमोजिम रु वजेट खर्च गरेकोमा सोको श्रेस्ता लेखापरीक्षणको क्रममा पेश भएन । बजेट खर्च भएको उल्लेखित श्रेस्ता पेश गर्नुपर्ने देखिएको रु
<table>
<tr><th>गो भौ नं मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४० २०७८।३।२३</td><td>नखुल्ने</td><td>१३००००।००</td></tr>
<tr><td>४१ २०७८।३।२४</td><td>नखुल्ने</td><td>१११०५५।००</td></tr>
<tr><td>४२ २०७८।३।२४</td><td>नखुल्ने</td><td>५२५४५।००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२९३६००।००</td></tr>
</table>
</td><td>२९३६००।००</td><td></td></tr>
<tr><td></td><td>सामाजिक सुरक्षातर्फ</td><td></td><td></td></tr>
<tr><td>42.</td><td>पारदर्शिता:- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । गाँउपालिका बाट निकासा गरीएको सामाजिक सुरक्षा भत्ता यथार्थपरक छ भन्न सकिएन ।</td><td></td><td></td></tr>
<tr><td>43.</td><td>अनुगमन तथा सुपरिवेक्षण:- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी निर्देशिका बमोजिम अनुगमन मुल्याङन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समितिनै गठन नगरेकोले निदेर्शिका अनुसारको समिति गठन गरी क्रियासिल हुनुपर्ने देखिन्छ ।</td><td></td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौको विवरण |
|---|---|---|---|
| 44. | सामाजिक सुरक्षा कार्यविधि २०७५ को वुँदा न २३ मा वैङ्क मार्फत भत्ता वितरण गर्दा तोकीएको वैङ्कले स्थानीय तहवाट अनलाइनमा आधारित व्यवस्थापन सुचना प्रणालीवाट लाभग्राहीको सुची प्राप्त गर्ने र वैङ्कले सम्वन्धित लाभग्राहीका नाममा सामाजिक सुरक्षा विषेश वचत खाता खोली सोको विवरण सुची प्रदान गर्ने निकायमा  व्यवस्थापन सुचना प्रणालीकै माध्यमवाट दिनुपर्ने साथै सो खाता सम्वन्धित लाभग्राहीले आफ्नो परिचय खुल्ने कागजात प्रस्तुत गरेपछी क्रियासिल हुने उल्लेख छ । गाँउपालिकाले यो वर्ष प्रथम चौमासिकमा  रु १०७०८६२५ दोस्रो चौमासिकमा रु १४२१५८०७ तथा तेस्रो चौमासिकमा रु १३६९१६५९ सामाजिक सुरक्षा भत्ता वापतको रकम ग्लोवल आइएमइ वैङ्क मार्फत वितरण गर्न पेश्की पठाएकोमा वैङ्कले कार्यविधि वमोजिमको खाता नखोली लाभग्राहीले सो अघिनै खोलेको व्यक्तिगत वचत खातामा रकम जम्मा गरेको देखिन्छ । सो पश्चात वैङ्कले रिसर्स फिड गरी सुचना प्रणालीमा इन्ट्री गर्नुपर्नेमा अनलाइनमा आधारित व्यवस्थापन सुचना प्रणालीमा सो इन्ट्री गरेको देखिएन। यसवाट निर्देशिका विपरीत सम्वन्धित लाभग्राहीको व्यक्तिगत खातामा जम्मा गरेकोले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको खाता संचालन भए वा नभएको र सम्वन्धित  लाभग्राहीले सामाजिक सुरक्षा भत्ता प्राप्त गरे वा नगरेको एकीन गर्न सकिएन। निर्देशिका विपरित हुने गरी सामाजिक सुरक्षा भत्ता निर्देशिका भएको व्यवस्था वमोजिम नखोलिकएको खातामा दाखिला गरेको देखिएकाले यस सम्वन्धमा गाँउपालिकावाट एकीन गरी निर्देशिका वमोजिम खोलिएको खाता मार्फत मात्र सामाजिक सुरक्षा वितरण गरी अनलाइन प्रतिवेदनमा प्रविश्टि गर्ने गराउने व्यवस्था गर्नुपर्ने देखिन्छ । | | |
| 45. | **प्रगति प्रतिवेदनः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को वुँदा न ३० मा स्थानिय तहले पहिलो चौमासिक प्रगति विवरण मार्ग ७ दोस्रो चौमासिक प्रगति विवरण चैत्र ७ भित्र तथा बार्षिक प्रगति विवरण श्रावण १५ गते भित्र एमआइएसमा प्रविस्टी गर्नुपर्नेमा यो वर्ष वैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेको जनाएतापनी लाभग्राहीको विवरण सहितको प्रगति विवरण एमआइएस मा प्रविस्टी गरेको देखिएन। निर्देशिकामा भएको व्यवस्था वमोजिम प्रगति प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । | | |
| 46. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को वुँदा न २५ मा वैङ्कले लाभग्राहीको खातामा जम्मा भएको स्पस्ट देखिने गरी लाभग्राहीको नाम वैङ्क खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुची १३ वमोजिम चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विधुतिय माध्यममा अनिवार्य पठाउनु पर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणमा अनुसुची १३ वमोजिमको विवरण माग गरिएकोमा सो विवरण वैङ्कले उपलव्ध गराएको देखिएन। यसवाट सामाजिक सुरक्षा भत्ता वापतको रकम सम्वन्धित लाभग्राहीले पाए नपाएको सम्वन्धमा एकीन हुन सकिएन । | | |
| 47. | **पेश्की वाँकीः** कार्यालयले पेश्की रकम समयमै फर्छ्यौट गर्नु गर्नुपर्दछ। गाँउपालिकाले यो वर्ष तेस्रो चौमासिक सामाजिक सुरक्षा वापतको रकम वैक मार्फत भुक्तानी गर्दा ग्लोवल आइएमइ वैकलाई पेश्की भुक्तानी गरेको देखियो। पेश्की फछ्यौट गर्नुपर्ने देखिएको रु | १३६९१६५९।०० | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th><th>फछ्र्यौको विवरण</th></tr>
<tr><td>48.</td><td>

**मुअकर वढि भुक्तानी**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूलय अभिकृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनसहभागिता रकम घटाई वाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले तपशिल वमोजिमको उपभोक्ता समितिले गरेको निर्माण कार्यमा १५ प्रतिशत मुल्यअभिवृद्धि कर समेत जोडेर लागत अनुमान वनाई भुक्तानी दिएको देखिएको तथापी उपभोक्ताको विजक परिक्षण गर्दा उल्लेखित मुअकर भुक्तानी गरेको नदेखीएकोले वढी भुक्तानी भएको मुअकर उक्त रकम असुल गर्नुपर्ने रु

<table>
<tr><th>सिन</th><th>उपभोक्ता समिति र काम</th><th>भुक्तानी भएको मुअकर</th><th>खरिदमा समावेश मुअकर</th><th>वढि भुक्तानी भएको मुअकर रकम</th></tr>
<tr><td>१</td><td>पारच्याङ्ग ढल व्यवस्थापन</td><td>१९८००।००</td><td>१४३००।००</td><td>५५००।००</td></tr>
<tr><td>२</td><td>रिङजोङ्ग बेताङ्ग पहिरो नियन्त्रण</td><td>२७१५०।००</td><td>१७०१५।००</td><td>१०१३५।००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>१५६३५।००</td></tr>
</table>
</td><td>१५६३५।००</td><td></td></tr>
<tr><td>49.</td><td>

**मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७७ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७७।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।नियमानुसार कट्टी गरी भुक्तानी गर्नुपर्ने रकम कट्टी नगरी भुक्तानी गरेको देखिएकाले मुल्य अभिवृद्धी कर समायोजन पेश गर्नुपर्ने देखिएको रु

<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>मुअक वाहेकको रकम</th><th>मुअकर कर रकम</th><th>३० प्रतिशत रकम</th></tr>
<tr><td>११ २०७८।०३।१९</td><td>मुक्तिनाथ कृषि कम्पनी प्राली</td><td>४१५९२९।२०</td><td>५४०७०।७९</td><td>१६२२१।२३</td></tr>
